STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

आत्महत्या समस्याको समाधान होइन,
अमुल्य जीवन त्यसै खेर नफालौं,
समस्याको समाधान खाजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २६ गते मंगलबार ❑ 12 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा अन्तरराष्ट्रिय विमानस्थलको निर्माणप्रति प्रधानमन्त्री खुसी

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

प्रधानमन्त्री शेरबहादुर देउवाले पोखरा महानगरपालिका-१४ छिनेडाँडामा निर्माणाधीन पोखरा अन्तरराष्ट्रिय विमानस्थलको निर्माण कार्यप्रति सन्तुष्टि व्यक्त गर्नुभएको छ।



राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको निर्माणाधीन विमानस्थलको आज निरीक्षण पश्चात संक्षिप्त प्रतिक्रिया दिंदै उहाँले कोरोनाका समयमा पनि भइरहेको निर्माणले आँफुलाई खुसी लागेको बताउनुभएको हो।

विमानस्थल सञ्चालनमा ल्याउन समस्याका रुपमा रहेको विमानस्थलको दक्षिणतर्फस्थित रिजेपानी डाँडा काट्ने काम अघि बढाउन सरकारले सहजीकरण गर्ने प्रधानमन्त्रीले बताउनुभयो। उहाँले भन्नुभयो, "विमानस्थलको भौतिक प्रगतिप्रति म खुसी छु, डाँडा कटानका लागि सरकारले सहजीकरण गर्छ।" प्रधानमन्त्री देउवालाई पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल आयोजना निर्देशक प्रदीप अधिकारीले हालसम्मको भौतिक प्रगति तथा निर्माणका क्रममा आइपरेका समस्याका बारेमा जानकारी गराउनुभयो। उहाँका अनुसार हालसम्म ८५ प्रतिशत निर्माणकार्य सम्पन्न भएको छ। पूर्ववत् सम्झौताअनुसार गत साउनमा सम्पन्न हुनुपर्ने उक्त आयोजना विश्व्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण निर्धारित समयमा पूरा हुन नसकेको हो। विमानस्थल आयोजना प्रमुख विनेश मुनकर्मीले आयोजनाको म्याद एक वर्ष थप भएकाले यस अवधिमा सबै काम सम्पन्न भएर विमानस्थल सञ्चालनमा ल्याउने तयारी रहेको जानकारी दिनुभयो।

विमानस्थलको दुई हजार ५०० मिटर लामो धावन मार्ग (रनवे) गत वर्ष नै सम्पन्न भएको थियो। टर्मिनल भवन, एटिसी टावर, ह्याङ्गर लगायतका १४ वटा भवन निर्माण कार्य सम्पन्न भएर साजसज्जा र विद्युत तथा उपकरण जडान गर्ने काम भइरहेको छ। यसैगरी ट्याक्सी-वे, ह्याङ्गर, एप्रोन, पार्किङ निर्माणलगायतका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## घान्द्रुकमा जीप दुर्घटना हुदाँ ८ जनाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज



कास्कीको पर्यटकीय गाउँ घान्द्रुकमा जीप दुर्घटना हुदाँ ८ जनाको मृत्यु भएको छ।

ग १ ज ६९०० नं. को बोलेरो जीप अनियन्त्रित भई कलडाँडा भिरको घुम्ती सडकबाट करिब २ सय मिटर तल सडकमा खस्न पुग्दा ८ जनाको मुत्यु भएको प्रहरीले जनाएको छ।

सोमबार करिब १:३० बजे उक्त जीप दुर्घटना हुँदा जिप चालक अन्नपूर्ण गाउँपालिका-५ नयाँपुल बस्ने ४२ वर्षीय खुसीमान क्षेत्री र अन्य ७ जना यात्रुको मृत्यु भएको गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवण कुमार बि.क.ले जनाए।

उक्त दुर्घटनामा परी मृत्युहुनेहरुमा काठमाडौं महानगरपालिका-३ गंगबु घर भई पोखरा घुम्न आएका १८ वर्षका जिनलव घिसिङ, काठमाडौंकै २४ वर्षीया सुजा चौधरी, २० वर्षकी लिजा चौधरी, २० वर्षकी सुमन चौधरी, २० वर्षका अछुतम काफ्ले, १८ वर्षका आशिष आले र जिल्ला गोरखा घर भई हाल काठमाडौं महानगरपालिका-३ गंगबु बस्ने २७ बर्षका विनय क्षेत्री रहेका छन्। एक जना दुर्घटनामा परी भिरमा अड्केर बाच्न सफल भएकी छन।

स्थानीय प्रहरी तथा स्थानीयवासीले घाइतेको उद्धार गरी अस्पताल ल्याउँदै गरेको अन्नपूर्ण-११ का वडाध्यक्ष हिम गुरुङले जानकारी दिए। जीप रिजर्भ गरेर घुम्नका लागि आएका पर्यटक दुर्घटनामा परेको प्रारम्भिक जानकारी प्राप्त भएको उनले बताए।

## ७८५ संक्रमित, १२ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

नेपालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरसका ७८५ सङ्क्रमित देखिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १२ हजार १९५ जनामा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पाइएको हो।

थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १४ हजार ७८७ जना रहेका छन्। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २० रहेका छन्। पाँच सयभन्दा बढी सङ्क्रमण हुने जिल्ला मोरङ, सुनसरी, झापा, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही रहेका छन्। सङ्क्रमण दर १८.७ प्रतिशत रहेको छ। पछिल्लो २४ घण्टामा ८८८ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७६ हजार ८३१ रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.८ प्रतिशत रहेको छ।

सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १२ जनाको निधन भएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार २४३ जनाको निधन भइसकेको छ। सोमबार एक लाख २७ हजार ५३२ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८३ लाख १७ हजार ९०२ पहिलो मात्रा र ६४ लाख ६२ हजार ७७६ पूर्ण मात्राको खोप लगाइसकेका छन्।

हार्दिक मंगलमय शुभकामना

विजयादशमी-२०७८ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

फेवा प्रकाशन प्रा.लि., पोखरा

पोखरापत्र दैनिक परिवार

अबको अंक कार्तिक ०४ गते बिहीबार प्रकाशित हुनेछ।

## प्रदेश प्रमुख गुरुङद्वारा नवनियुक्त मन्त्री डोबाटे विश्वकर्मालाई शपथ

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले प्रदेशका नवनियुक्त विनाविभागीयमन्त्री डोबाटे विश्वकर्मालाई सोमबारएक समारोहबीच पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

मन्त्री विश्वकर्मालाई आजै प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मन्त्री पदमा नियुक्ति गर्नुभएको हो।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री पोखरेल, सभामुख नेत्रनाथ अधिकारी, प्रदेशका मन्त्रीहरूलगायत उच्चपदस्थ अधिकारीको उपस्थिति थियो।




शपथ ग्रहणपश्चात् संक्षिप्त प्रतिक्रिया दिंदै मन्त्री विश्वकर्माले संविधान र कानूनले निर्दिष्ट गरेका विषयलाई आत्मसात् गर्दै जिम्मेवारीका साथ काम गर्ने बताउनुभयो। संवैधानिक अधिकारअनुसार गण्डकी प्रदेशमा मन्त्री सङ्ख्या पूर्ण भएको छ। साठी प्रदेशसभा सदस्य रहेको प्रदेशमा २० प्रतिशत अर्थात् १२ जना मन्त्री बन्न पाउँछन्। गण्डकी प्रदेशमा कांग्रेसबाट मुख्यमन्त्रीसहित छ, माओवादीका चार, जसपाका एक र एकजना स्वतन्त्र प्रदेशसभा सदस्य मन्त्री छन्।

## सुकुम्बासी समस्या दिगो रुपमा समाधान गर्नुपर्छ : पूर्वप्रधानमन्त्री भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

जनता समाजवादी पार्टी (जसपा) नेपालका सङ्घीय परिषद् अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले सुकुम्बासी समस्या दिगोरुपमा समाधान गर्नुपर्ने बताउनु भएको छ।

पत्रकारसँग सोमबार यहाँ कुराकानी गर्दै उहाँले वास्तविक सुकुम्बासीहरूको पहिचान गरी तिनीहरूको समस्या समाधानका लागि सरकारले काम गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सुकुम्बासी समस्या समाधानका लागि सरकारको स्पष्ट नीति नहुँदा समस्या आयो।" आइतबार बुटवलको मोतीपुर औद्योगिक क्षेत्रमा भएको घटना गलत भएको भन्दै उहाँले सुकुम्बासी समस्या समाधान गर्नतर्फ सरकारले ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो। उहाँले थप्नुभयो, "वास्तविक सुकुम्बासी पहिचान गरौं, तितरवितर पार्नु समस्याको समाधान होइन।" फरक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा १०७ जना कोरोना संक्रमित थपिए

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा १०७ जना कोरोना सङ्क्रमित थपिएका छन्। यस अवधिमा प्रदेशमा पाँच जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ।

स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, गण्डकी प्रदेशका संयोजक नवराज शर्माका अनुसार मृत्यु हुनेमा कास्कीको पोखरा महानगरपालिकाका तीन पुरुष र एक महिला तथा बाग्लुङको बाग्लुङ नगरपालिकाका एक पुरुष छन्। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ५५ र होम आइसोलेसनमा रहनेको सङ्ख्या ८८२ जना पुगेको निर्देशनालयले जनाएको छ।

## महानगरद्वारा खसी बजार अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

पोखरा महानगरपालिकाले बजार अनुगमन सुरु गरेको छ। बजारमा दसैंको किनमेल गर्नेको भीड बढेको र उपभोक्ता चर्को मूल्य तिर्न बाध्य बनेका गुनासासँगै अनुगमन सुरु गरिएको महानगरले जनाएको छ।

उपप्रमुख मञ्जुदेवी गुरुङको नेतृत्वमा आइतबार चाउथेस्थित खसी बजारको अनुगमन गरिएको थियो। पोखरा र यस क्षेत्रलाई केन्द्रित गरी सो बजारबाट मुख्य गरी खसी, बोका बिक्री हुँदै आएको छ। व्यवसायीले दाङ, सुर्खेत, कैलाली, प्युठान, अर्घाखाँचीलगायतका जिल्लाबाट बजारमा खसी/बोका आपूर्ति गर्दै आएका छन्। चाडपर्वको बेलामा व्यवसायीले कृत्रिम अभावदेखि मूल्यवृद्धि गर्ने गरेको गुनासो आउने गरेका कारण अनुगमन गरेको महानगर उपप्रमुख गुरुङले भन्नुभयो, "चाडपर्वमा उपभोक्ता नठगिउन् भन्ने उद्देश्यले पोखरामा बजार अनुगमनलाई निरन्तरता र तीव्र बनाउनेछौं।"

महानगर पशु सेवा शाखाका प्रमुख नवराज अधिकारीले दसैंमा मासुजन्य पदार्थमा उपभोक्ता बढी ठगिन सक्ने भएकाले स्थलगत अनुगमन गरिएको बताउनुभयो। यस वर्ष खसी बोका र च्याङ्ग्राको मूल्य विगत भन्दा धेरै वृद्धि भएको गुनासो उपभोक्ताको छ। दसैंको समयमा बढी खसी, बोका तथा च्याङ्ग्रा बिक्री हुने स्थलमा नियमित अनुगमन गरिने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार हेमजा, बगर र चाउथेलगायत स्थानमा दसैंभर अनुगमन गरिनेछ। अनुगमनका क्रममा व्यवसायीलाई उपभोक्तालाई बढी मूल्य नलिन र बिरामी खसी बोकालाई छुट्टै राख्ने व्यवस्था गर्न सुझाव दिएको अधिकारीले जानकारी दिनुभयो। चाउथेमा सञ्चालित सुनिल फ्रेस हाउस बिना दर्ता सञ्चालन भएको पाइएपछि बन्द गराइएको छ। महानगरमा दर्ता नगरी सञ्चालन गरिएको पाइएकाले दर्ता गरेर मात्रै सञ्चालन गर्न निर्देशनसहित पसल बन्द गराइएको महानगरले जनाएको छ। चाडपर्वमा म्याद गुज्रेका सामग्री बिक्री वितरण गर्ने, बढी मूल्य लिने र बिना इजाजत पसल सञ्चालन गर्ने गरेको गुनासो आउने गरेको बताइन्छ। गण्डकी प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले समेत खसी तथा च्याङ्ग्रा बजारको अनुगमन सुरु गरिएको जनाएको छ।

विजयादशमी शुभ दीपावली, छठ, ईद एवम् नेपाल सम्वत्को पावनअवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सु:ख, शान्ति, दीर्घायू, सु–स्वास्थ्य समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कर तिर्नु सभ्य नागरिकको कर्तव्य हो।
कानून अनुसार तिर्नुपर्ने कर समयमा नै दाखिला गरी असल नागरिकको परिचय दिऔं।

अर्थ–मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# जिप दुर्घटनामा तीनको मृत्यु, गाउँ शोकमा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २५ असोज**

आइतबार साँझ वालिङ-१० मदिखोला नजिकै भएको जिप दुर्घटनामा परी एउटै गाउँका दुईसहित तीन जनाको मृत्यु भएको छ।

गल्याङ नगरपालिका-१० लिहुडाँडाका ७७ वर्षीय दलबहादुर पल्ली र ३२ वर्षीया गङ्गा पल्ली, सोही वडाको गाउँसौराकी चार वर्षीया करिष्माको मृत्यु भएपछि अहिले गाउँ नै शोकमा डुबेको छ। जिपमा सवार रहेका १९ जनामध्ये आइतबार वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा उपचारका क्रममा दुई जना र गए राति पोखरास्थित मणिपाल अस्पतालमा थप एकसहित तीन जनाको मृत्यु भएको हो।

गल्याङ नगरपालिका-१० की करिष्मा थापाको मणिपाल अस्पताल पोखरामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक एवं प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो।

ज्यान गुमाउनेमध्ये तीनै जना एउटै वडाका हुन् भने दुई जना लिहुडाँडाका र एकजना गाउँसौराका रहेका गल्याङ नगरपालिका-१० का वडाध्यक्ष ध्रुवप्रसाद शर्मा पङ्गेनीले जानकारी दिनुभयो। “वालिङबाट गाउँतर्फ जाँदै गरेको जिप आइतबार साँझ वालिङ-१० मदिखोला नजिकै कच्ची सडकबाट झण्डै ५० मिटर तल खसेर दुर्घटना भएको छ”, वडा अध्यक्ष पङ्गेनीले भन्नुभयो, “जिपमा सवार रहेकामध्ये धेरै लिहुडाँडाका हुन्, जहाँका दुई जनाको मृत्यु भइसकेको छ भने अन्यको पोखरामा उपचार भइरहेको छ, गाउँ पूरै शोकमा छ।”

दसैंको बेला बजारबाट गाउँतर्फ फर्किँदै गरेका एउटै गाउँका आफन्तलाई गुमाउनुपर्दा र अङ्गभङ्ग भएर अस्पतालमा बस्नुपर्दा अहिले गाउँमा निक्कै पीडा महसुस भएको वडाध्यक्ष पङ्गेनीले बताउनुभयो। वालिङबाट गल्याङ-१० लाखुडाँडातर्फ जाँदै गरेको ग१ज ४९१८ नम्बरको जिप कच्ची उकालो बाटोबाट आइतबार साँझ झण्डै ५० मिटर तल खसेको थियो। उक्त जिपमा चालकसहित १९ यात्रु थिए। चालकसहित अन्य दुई जना सामान्य उपचारपछि निको भएका छन् भने बाँकी रहेका १४ जनाको पोखरास्थित मणिपाल अस्पतालमा उपचार भइरहेको प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

# पुतलीबजारका पाँच औषधि पसललाई कारबाही

**पोखरापत्र संवाददाता**
**वालिङ, २५ असोज**

स्याङ्जाको पुतलीबजार नगरपालिकाभित्र सञ्चालनमा रहेका पाँच औषधि पसललाई कारबाही गरिएको छ।

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले औषधि पसल, क्लिनिक, फार्मेसीमा आइतबार गरेको अनुगमनका क्रममा त्रुटि देखिएका पाँच औषधि पसललाई कारबाही गरी जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद शर्माले जानकारी दिनुभयो। सहायक प्रजिअ शर्माका अनुसार म्याद गुज्रेका औषधि बिक्री वितरण गरेको, अनुमति लिएभन्दा बढी सेवा प्रवाह गरेको र तोकिए अनुसारका मापदण्ड पूरा नगरेका औषधि पसल कारबाहीमा परेका हुन्। “पहिलो चरणमा आठ वटा औषधि पसलमा सचेत गरायौं भने पाँच वटालाई साङ्केतिक कारबाहीस्वरुप न्यूनतम जरिवाना गरेका छौँ”, सहायक प्रजिअ शर्माले भन्नुभयो, “औषधि व्यवसायीलाई अहिले भएका कमिकमजोरीलाई सुधार गर्न भनेका छौँ, आगामी दिनमा थप सचेत हुन सुझाव दिएका छौँ।” अहिले न्यूनतम जरिवाना गरिएको र आगामी दिनमा फेरि यस्तै कमजोरी दोहोरिएमा प्रचलित कानूनअनुसार कडा प्रावधानमा टेकेर कारबाही गरिने उहाँले बताउनुभयो। कारबाहीमा पर्ने स्वास्थ्य संस्थामा स्याङ्जा हेल्थ केयर, अशोक फर्मा, शुभसङ्गीता फर्मा, सतिदेवी पोलिक्लिनिक र मोनिका मेडिसिन स्टोर रहेका उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार मोनिका मेडिसिन स्टोरलाई रु पाँच हजार र अन्य चार वटालाई रु १०/१० हजारका दरले जरिवाना गराइएको हो। जरिवाना तथा कारबाहीमा परेका स्वास्थ्य संस्थाले आंशिक सेवाका लागि अनुमति लिएर तोकिएभन्दा बढी सेवा प्रवाह गरेको भेटिएको थियो।

# एन प्याक्सन कास्कीको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असोज**



एन प्याक्सन कास्कीको वार्षिक साधारण सभा सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै प्रमुख अतिथि एन प्याक्सनका केन्द्रीय अध्यक्ष ऋतुराज सापकोटाले संघिय शिक्षा ऐन वनाउदा वढी चनाखो हुनु पर्ने बताउँनुभयो।

‘संघिय शिक्षा ऐनको ड्राफ्टमा निजि विद्यालयलाई पनि सम्वोधन गरेको छ’ उहाँले भन्नुभयो,‘ ड्राफ्ट एउटा हुने आउदा अर्कै आउने भएकोले ऐन आउदा हामी वढी चनाखो हनुपर्नेहुन्छ।’ संघिय शिक्षा ऐनमा छात्रावृत्तिमा सवै वालवालिकाको समान अधिकार र प्राविधिक शिक्षामा निजि विद्यालयको पनि पहुच पुऱ्याउने विषय समेटेकोले पनि आउने ऐन हाम्रो अनुकुल देखिने उहाँको भनाई थियो। ‘निजि विद्यालयमा पढ्ने विद्यार्थीलाई छात्रवृत्तिबाट वञ्चित गराउने कामले गर्दा हामी अफ्ठयारोमा परेका छौं’ उहाँले भन्नुभयो,‘नयाँ ऐनमा यी विषयलाई सम्वोधन गरेको हुनाले ड्राफ्मा जे छ त्यहि ल्याउन सरकारलाई दवाव दिनुपर्दछ।’ स्थानीय सरकारले आफू अनुकुलको शिक्षाप्रणालीको विकास गर्न खोज्दा निजि विद्यालय मारमा परेको उहाँको भनाई थियो। एन प्याक्सन कास्की नेपाल भरकै उत्कृष्ट संस्था रहेकोले अव कास्कीले राष्ट्रिय स्तरको कार्यक्रम गर्नु पर्ने उहाँले सुझाव दिनुभयो। एन प्याक्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्रमोहन भट्टराईले संस्थागत विद्यालयका हक हितका लागि संस्थाले गरेको काम उल्लेखनिय रहेको बताउँनुभयो।

केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश अध्यक्ष याम खड्काले निजि विद्यालयले पनि राज्यलाई कर तिरेको हुनाले नेपालसरकारले निजि विद्यालयलाई सहुलियतदरमा ऋण उपलब्ध गराउनु पर्ने बताउँनुभयो।

केन्द्रीय सदस्य रामबहादुर थापाले नेपाल सरकारले निजि विद्यालयलाई विभेदको व्यवहार गरेको बताउँनुभयो। केन्द्रीय सदस्य सन्तबहादुर तामाङले देशकै मोडेल संस्थाको रुपमा कास्की शाखा रहेको बताउँनुभयो। एन प्याक्सन तनहुँका अध्यक्ष रामकृष्ण विकले यहाँका समस्या समाधान गर्न कास्की शाखसँग सहकार्य गरेर अगाडि बढेको बताउँनुभयो। कार्यक्रममा सचिव मनकाजी गुरुङ, कोषाध्यक्ष रत्ना गुरुङ र लेखा समिति संयोजक ज्ञानेन्द्रबहादुर थापाले प्रस्तुत गरेको प्रतिवेदन सभाले पारित गरेको कार्यक्रम संयोजक तथा प्रथम उपाध्यक्ष शिवदत्त तिवारीले जानकारी दिनुभयो। एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा द्धितीय उपाध्यक्ष केशवशरण पौडेलले स्वागत र सचिव मनकाजी गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।


## हार्दिक मंगलमय शुभकामना !

विजयादशमी तथा शुभ दीपावली, छठ, ईद एवम् नेपाल सम्वत्को पावनअवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुःख, शान्ति, दीर्घायू, सु–स्वास्थ्य समृद्धि एवम् उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोवेल कोरोना भाईरस (COVID-19) को यस विषम् परिस्थितिमा भिडभाड नगरी सम्यम् अपनाई आ–आफ्नो ठाउँमा रही स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्दै चाड पर्व मनाऔं। आफु पनि सुरक्षित रहौं र अरुलाई पनि सुरक्षित बनाऔं।

**लेख बहादुर तामाङ (दर्शन)**
**अध्यक्ष एवं**
**वडा नं. १३**
**पोखरा महानगरपालिका कार्यालय पोखरा परिवार**



## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व विजयादशमी तथा शुभ दीपावली २०७८ को पावन अवसरमा हाम्रा शेयर सदस्यहरु, कर्मचारी तथा देश विदेशमा रहनु भएका दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, संबृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ।

**जगत बहादुर पोखेल**
**कार्यकारी अध्यक्ष**
**भिजन लुम्बिनी उर्जा कम्पनी लि.**
**सेतीनदी जलविद्युत आयोजना (२५ मेगावाट)**
**वुटवल रूपन्देही**
**शाखा माछापुच्छ्रे गाउँपालिका-२, भुजुङखोला, कास्की**


## सुकुम्बासी...

प्रसङ्गमा बोल्दै पूर्वप्रधानमन्त्री भट्टराईले विगतमा एकखाले प्रवृत्तिले व्यवस्था पल्टाउने, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नै उल्टाउने, संविधान खतरामा पर्ने दिशातर्फ गएको भन्दै अहिलेको सरकारको गतिविधि त्यसभन्दा फरक हुनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “अहिलेको सरकारको गतिविधि पहिलाको भन्दा फरक भएन भने जनतामा निरासा आउँछ।” प्रतिगमनविरुद्ध सङ्घर्षबाट बनेको सरकार भएकाले यो सरकार पूर्ण कार्यकाल चल्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, “गठबन्धनको मात्रै होइन लोकतन्त्रमा पूरा कार्यकाल व्यवस्थापिकाले पूरा गरेन भने त्यसले राम्रो सन्देश दिँदैन।”

## पोखरा...

काम सम्पन्न भएको आयोजनाले जनाएको छ। विमानस्थलको मुख्य प्रवेशद्वारको सडक निर्माण सम्पन्न भएर सडकको बीच भागमा सडक बत्ती जडान गरिएको छ।

जग्गा अधिग्रहणको ९९ प्रतिशत कार्य सकिएको बताइन्छ। विमानस्थल तीन हजार ८९९ रोपनी क्षेत्रफलमा फैलिएको छ। रु २२ अर्बको लगानीमा चीनको सिएएमसी ईञ्जिनिरिङ कम्पनीले विमानस्थल निर्माण गरिरहेको छ। विमानस्थलका लागि विसं २०३१ मा छिनेडाँडाको तीन हजार १०० रोपनी जमिन अधिग्रहण गरिएको थियो। प्रधानमन्त्रीको निरीक्षणका क्रममा आयोजनाका तर्फबाट रिठेपानी डाँडा कटान, ल्याण्डफिल साइट र आयल निगमको डिपो निर्माण आदि काममा ढिलाइलगायतका विषयमा बुँदागतरुपमा जानकारी गराइएको आयोजना प्रमुख मुनकर्मी बताउनुभयो।

उहाँले भन्नुभयो, “एप्रोचमा पर्ने रिठेपानी डाँडा कटान, ल्याण्डफिल साइट र आयल डिपो र वर्षातको समयमा नहरको पानीको समस्या समाधान गर्न ठोसरुपमा काम अघि बढ्न सकेको छैन, यसका सम्बन्धमा प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण गराएका छौँ।” निरीक्षणका क्रममा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्था मन्त्री मणिभद्र शर्मा कंडेल, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्का, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, कास्की कांग्रेसका सभापति कृष्ण केसीलगायतको उपस्थिति थियो।

प्रधानमन्त्री देउवा विमानस्थको निरीक्षणपछि राजधानी काठमाडौं फर्कनुभएको छ। उहाँ आइतबार साक्षर गण्डकी प्रदेश घोषणा कार्यक्रममा सहभागी बन्न पोखरा आउनुभएको थियो। पोखरा बसाइका क्रममा उहाँले उक्त कार्यक्रमका साथै नेपाली कांग्रेसले आयोजना गरेको शुभकामना आदानप्रदान तथा कार्यकर्ता भेटघाटमा व्यस्त हुनुभयो।

# सहारा क्लवका सदस्यलाई कोभिड बिरुद्धको खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असोज**

गण्डकी प्रदेश सरकारको सहयोगमा पोखराको सहारा क्लवले आफ्ना सदस्यहरुलाई कोरोना बिरुद्धको खोप लगाएको छ।

क्लवले आफ्ना २ सय जना क्लवमा आबद्ध सदस्यहरुलाई कोरोना बिरुद्ध खोप लगाएको क्वलले जनाएको छ। त्यसै गरी हालै पोखरामा प्रदान गरिएको उक्त खोप अभियान अन्र्तगत १४ जना नेपाली सेनालाई समेत कोरोना बिरुद्ध खोप प्रबन्ध गरिएको थियो।

क्लवले हरेक बर्ष जसो आहा रारा गोल्ड कप फुटवल प्रतियोगिता संचालन गर्दै आएको छ भने १४ जिल्लाका गरिव, विपन्न बर्गका २४ जना वालकहरु सहारा फुटवल एकेडेमीमा रहेका छन्।


## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# दशैंको शुभकामना

नेपालीहरुको महान चाड वडादशैंले सबैलाई छोइसकेको छ । आश्विन शुक्ल प्रतिपदाको दिनदेखि नौ दिनसम्म शक्तिपिठहरुमा दुर्गा भगवतीको पूजा आरधना गरिन्छ । दशैंलाई असत्यमाथि सत्यको जित भएको हुँदा त्यसलाई विजया दशमीको रुपमा मनाउने गरिन्छ। प्रतिपदाको दिन घटस्थापनामा रोपेको जमरा दशमीको दिन प्रसादको रुपमा लगाउने गरिन्छ। मानव जीवनमा शक्तिको आवश्यकता पर्ने हुँदा दुर्गा भवानीबाट शक्ति प्राप्त होस् भनि उपाशना गरिन्छ। दुर्गा भवानीलाई शक्ति प्राप्त गरेपछि असत्यमाथि सत्यको जितको रुपमा लिइने गरिएको छ। बडादशैं हिन्दुहरुको चाड भनिए पनि यो राष्ट्रिय चाडको रुपमा रहँदै आएको छ। दशैंलाई धार्मिक आध्यात्मिक र सांस्कृतिक चाँडको रुपमा विभिन्न कोणबाट लिने गरिएको छ।

दशैलाई धार्मिक मात्र नभई सांस्कृतिक आध्यात्मिक रुपमा पनि लिन थालेका छन् । दसैं धार्मिक भन्दा पनि नेपालीको मौलिक पहिचानसहितको सांस्कृतिक पर्व हो । संसारभर नेपाली जाति जहाँ पुगे पनि दसैं आफ्नै शैलीमा मनाउँछन् । दशै पारिवारिक पुनर्मिलन र स्नेह तथा सद्भावको पर्व हो । वर्षभर घरबाहिर भएकाहरू पनि आआफ्ना परिवारसँगै दसैं मनाउन फर्कने चलन छ । यस वर्ष भने घरबाहिर रहेकाहरू परिवार भएका ठाउँमा फर्कन निकै सोचविचार गर्नुपर्ने देखिएको छ। यो पक्कै पनि सुखद अवस्था होइन। घर फर्केर पनि छरछिमेकी, इष्टमित्र, साथीसँगातीसँग भेटघाट र रमाइलो गर्न निकै सावधान हुनुपर्ने स्थिति छ । कोही पनि आफ्नो परिवार वा समुदायमा कोभिड–१९ को संक्रमण फैलाउने कारक बन्न त पक्कै चाहँदैन । परीक्षण नगरिएकाहरू मात्र हैन परीक्षणमा संक्रमण मुक्त देखिएको व्यक्तिसमेत कुनैपनि क्षण संक्रमित र संक्रमणको वाहक हुनसक्छ । सबैलाई दशैंमा कोभिड विरुद्धको खोप उपलब्ध गराउने सरकारले गरेको बाचा पुरा हुन सकेको छैन् । केही सहर बजार र पहुँच हुनेले बाहेक खोप पाउन अझै कुर्नु पर्ने भएको छ । यसैले दसैंका अवसरमा परिवार र समुदायमा आफ्नो कारणबाट संक्रमण फैलन नदिन कसैले पनि हेलचेक्र्याइँ गर्नु हुँदैन । खोप लगाएकाले नलगाएका पनि छन् भन्ने पनि सोच्नु पर्दछ। विज्ञले तेस्रो लहर आउन सक्ने चेतावनी दिएको हुँदा उच्च सावधानी अपनाउनु पर्ने खाँचो छ। स्वास्थ मापदण्ड पालना गरेर आफ्नो चाड मनाउन अहिलेको वाध्यत्मक अवस्था पनि हो।

दशैंमा बजार अनुगमन नहुँदा अस्वाभविक मूल्य बृद्धि, अखाद्य बस्तु बिक्री गर्ने र जोखिमपूर्ण सवारीसाधन चढेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। सरकारले व्यापारीहरुलाई अनुकुल हुने गरी अनुगमन गरेपनि झारा गर्ने गरेको छ । जनताको जीवन स्तर खस्किदै गएको बेला कसरी राहत र सेवा सुविधा उपलब्ध गराउने कहिल्यै सोचेन चाडको मुखमा जम्बो मन्त्री मण्डल गठन गर्ने छोडड्नुपर्ने बेला झण्डा हालेर टिका लगाउनु पर्ने जस्ता क्रियाकलापले सरकार जनता प्रति हैन आफ्नै सेवा सुविधाप्रति लिप्त छ भन्ने देखाउछ । सुकुम्वासीलाई बसोबासको व्यवस्था दिलाउनु पर्ने बेलामा गोली प्रहार गरेर ज्यान लिने काम गरेको छ । रमाइलोसँग चाड मनाउनुपर्ने बेला सुकुम्वासीले शोक मनाउनुपर्ने अवस्था आउनु विडम्बना हो । तीन वटै तहका सरकारले जनताका आकांक्षा पुरा गर्न सकेका छैनन् । चुनाव अघि गरेका बाचा कार्यान्वयनमा नआउदाँसम्म जनताले विश्वास गर्ने आधार बन्दैन। सबै मिलेर कोभिड महामारीले पुर्‍याएको विनासलाई रोक्न र देशलाई राजनीतिक स्थीरता दिन, आर्थिक सम्बृद्धिको बाटोमा लाग्न र सबै नेपाली एकजुट भएर राष्ट्रियताको रक्षा गर्न दुर्गा भवानीले सबैलाई शक्ति प्रदान गरुन भनी देशविदेशमा रहनु भएका सबै नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना टक्राउछौं।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | आर्थिक समस्या |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | मन चञ्चल | धनु | सम्मान मिल्नेछ |
| कर्कट | कार्यमा सफलता | मकर | झमेला बड्ने |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | सत्कार मिल्नेछ |
| कन्या | ब्यापारमा लाभ | मीन | मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# हाइकिङका माध्यमबाट पन्ध्रौँ शताब्दीको नुवाकोट दरबारको प्रवर्द्धन

–वासुदेव पौडेल

पोखरा, २५ असोज रासस

पन्ध्रौँ शताब्दीको इतिहासको साक्षी स्याङ्जाको नुवाकोट दरबार एवं कालाभैरव मन्दिरको हाइकिङका माध्यमबाट प्रवर्द्धन गरिएको छ।

हाइकर्स क्लब नेपालको आयोजनामा हरेक महिनाको अन्तिम शनिबार सञ्चालन हुँदै आएको हाइकिङको २० औँ शृङ्खलाअन्तर्गत हाइकर्स टोली यसपटक स्याङ्जाको फेदीखोला गाउँपालिका-२ नुवाकोटस्थित ऐतिहासिकस्थल कालाभैरव मन्दिर तथा नुवाकोट दरबार पुगेको हो। पर्यटकीय नगरी पोखरा नजिकैको ऐतिहासिक, धार्मिक एवं पर्यटकीयस्थलमध्येको एक स्याङ्जा नुवाकोटस्थित सो मन्दिर र नुवाकोट दरबारको ऐतिहासिकतालाई उजागर गर्ने लक्ष्यका साथ २० औँ शृङ्खला यस स्थानमा गरिएको हाइकर्स क्लब नेपालका उपाध्यक्ष कृष्ण रानाभाटले बताउनुभयो।

स्वास्थ्य पर्यटनको लागि हाइकिङ भन्ने नाराका साथ विगत दुई वर्षदेखि नियमितरुपमा सहभागीको व्यक्तिगत खर्चमा सम्भावना रहेर पनि ओझेलमा परेका ऐतिहासिक, धार्मिक एवं पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्दै आइएको बताउँदै उहाँले सो मन्दिर क्षेत्रको प्रवर्द्धन र विकासमा राज्यले नै चासो दिनुपर्ने देखिएको बताउनुभयो।

इतिहासअनुसार पन्ध्रौँ शताब्दीको प्रारम्भतिर विसं १५१० मा मिन्चाखान (वास्तविक नाम अजय खान)ले स्याङ्जा नुवाकोट राज्यको स्थापना गरेका थिए । तत्कालीन समयदेखि नै एउटा महत्वपूर्ण शक्तिपीठका रुपमा यहाँस्थित कालाभैरवको पूजाअर्चना गर्दै आइएको पाइन्छ। 'नुवाकोट राज्य' स्याङ्जा जिल्लाको उत्तरी भेगमा सदरमुकामबाट करिब १५ किमी उत्तर समुद्री सतहबाट करीब एक हजार ९०० मिटरको उचाइमा अवस्थित छ। तत्कालीन राज्यको शिरमा रहेको कालाभैरवलाई श्रद्धाभक्तिका साथ त्यही समयदेखि नै पूजाआजा गर्दै आइएको छ । किंवदन्तीअनुसार कालाभैरव आफैँ उत्पत्ति भएका हुन्। पहिला ढुङ्गा, माटोको ढिस्कोमा कालभैरवको पूजा गरिन्थ्यो । विसं २०६८ अघिसम्म सानो पानीको ट्याङ्कीजस्तो मन्दिर बनाएर त्यसमा पूजा गर्ने गरिएकामा त्यसयता भने व्यवस्थित मन्दिर निर्माण गरी पूजाआजाको व्यवस्था मिलाइएको छ । तत्कालीन शासकले १५औँ शताब्दीतिर कालाभैरवका साथै सुनकेशरी देवी, कालिका र चण्डीकादेवीको मूर्ति स्थापना गरी पूजाआजा गरेको इतिहासमा उल्लेख छ । कालाभैरवको दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वासका आधारमा स्याङ्जा र कास्की जिल्लाका साथै विभिन्न स्थानबाट भाकलसहित पूजाआजा गर्न आउने गरेका छन्। यहाँस्थित कालाभैरवको मूर्ति (शिला) प्राचीनकालदेखि छोपेर राखिएको छ । उक्त शिलालाई हेर्न हुँदैन भन्ने जनविश्वास रहेको र वर्षको एकपटक प्रत्येक आश्विन शुक्ल अष्टमीको मध्यरात (कालरात्रि) मा पण्डितले आँखामा पट्टी बाँधेर भैरव शिलालाई सफा गर्ने प्रचलन रहेको स्थानीयवासी बताउँछन् । इतिहासमा उल्लेख भएअनुसार तत्कालीन स्याङ्जा नुवाकोट राज्यको सिमाना पूर्वमा कृस्ति, निर्मलपोखरी, भरतपोखरी, कास्कीकोटसम्म, पश्चिममा पर्वतको लिमीथाना, देउपुर, बाजुङ, दुर्लुङ, उत्तरमा कास्कीको केही भाग र दक्षिणमा सतौँ, गह्रौँ, भिरकोटसम्म फैलिएको थियो । तत्कालीन स्याङ्जा नुवाकोट राज्यको महत्वपूर्ण शक्तिपीठ रहेका कारण तत्कालीन समयदेखि नै यस धार्मिकस्थलमा विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेको सहजै अनुमान गर्न सकिन्छ। हाइकिङका माध्यमबाट हाइकर्स क्लबको समूहले यस क्षेत्रको प्रवर्द्धनात्मक भ्रमण गरिनुले यहाँको सम्भावनालाई थप उजागर गरेको फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो । हाइकर्स क्लबका तर्फबाट ग्रामीण पर्यटनको प्रवर्द्धनमा उल्लेख्य योगदान भएको उल्लेख गर्दै उहाँले लुकेका सम्भावनायुक्त स्थललाई प्रवर्द्धनका माध्यमबाट नै उजागर गर्न सकिने बताउनुभयो । बृहत फेदीखोला पोखरा सम्पर्क समाजका अध्यक्ष कृष्णबहादुर क्षेत्री, फेदीखोला वडा नं १ रामकोटस्थित रामकोट सामुदायिक होमस्टेका अध्यक्ष तथा फेदीखोला पोखरा सम्पर्क समाजका संस्थापक अध्यक्ष अविलास गुरुङले हाइकिङमा नुवाकोट दरबार एवं कालाभैरव मन्दिर समेटिनुले यहाँको ऐतिहासिक एवं सांस्कृतिक महत्व पर्यटन बजारमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

हाइकिङका सहभागी पत्रकार मनोज घर्तीमगर, युवा व्यवसायी प्रितम सेन, टीका आचार्य, रविन शाही, मोहन खत्रीलगायतले नुवाकोट दरबार जस्ता ऐतिहासिकस्थल अझै पनि प्रवर्द्धनको पर्खाइमा रहेको बताउँदै पोखरा आसपासका यी गन्तव्यको प्रवर्द्धन एवं पूर्वाधार विकास गर्नसके अधिकतम पर्यटक पुर्‍याउन सकिने धारणा राख्नुभयो।

उक्त अवसरमा हाइकिङका सहभागीले स्याङ्जाको पुरानो सदरमुकाम नुवाकोट, शाहवंशका आदिपुरुष मिन्चा खानको दरबारको भग्नावशेष, कालाभैरव मन्दिर, कालिका मन्दिर तथा निर्माणाधीनभ्युटावरकोअवलोकन एवं स्थानीयसँग जानकारी लिएका थिए।

# चितुवाको आक्रमणबाट ९ वर्षीया बालिकाको मृत्यु

पोखरापत्र संवाददाता

तनहुँ, २५ असोज

चितुवाको आक्रमणबाट तनहुँको बन्दीपुर गाउँपालिका निवासी ९ वर्षीया बालिकाको आज साँझ मृत्यु भएको छ। मृत्यु हुनेमा बन्दीपुर-५ बाहुनभञ्ज्याङ निवासी स्वीकृति थापा मगर रहेकी छन् । छिमेकमा मासु लिन जाने क्रममा बालिकालाई चितुवाले आक्रमण गरेको गाउँपालिका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । बालिकाको शव घरभन्दा तल जङ्गलमा फेला परेको छ।

लामो समयसम्म चितुवाको आक्रमण रोकिएको तनहुँमा चितुवा आक्रमण भएपछि स्थानीयवासी त्रसित भएका छन् । तनहुँमा पछिल्लो समय बालबालिका चितुवाको निसानामा पर्ने गरेका छन् । विसं २०७४ फागुनयता चितुवाको आक्रमणबाट ११ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाका आहारा प्रजाति मृग, बँदेल, खरायो, वन कुखुरा आदि वनमा लोप हुँदै गएपछि चितुवाले बस्तीमा प्रवेश गरी बालबालिकामाथि आक्रमण गर्न थालेको डिभिजन वन कार्यालयले जनाएको छ।

# लायन्स पोखरा लेकसिटीको पदस्थापन

पोखरापत्र संवाददाता

पोखरा, २५ असोज

लायन्स क्लब अफ पोखरा लेकसिटीको वर्ष २०२१/०२२ को लागि नवनिर्वाचित कार्यसमितिको पदस्थापन भएको छ।

लायन्स क्लब इन्टरनेसनल ३२५ बि ए का डिष्ट्रिक्ट गभर्नर विश्वेश्वर आचार्यले अध्यक्ष कैलाश पालिखेसहितको समितिको पदस्थापन गराएका हुन् । लेकसिटीको निवर्तमान अध्यक्षमा विश्वमोहन अधिकारी, प्रथम उपाध्यक्षमा सोभितमान बुद्धाचार्य,द्धितीय उपाध्यक्षमा सुनिलकुमार मानन्धर,तृतीय उपाध्यक्षमा सुदीप ढकाल, सचिवमा विद्या मर्सानी र कोषाध्यक्षमा हेम गुरुङ रहेका छन्। त्यसैगरी एलसीआइएफ कोर्डिनेटरमा विन्दुकुमार थापा, टेमरमा सूर्यबहादुर थापा, अन्तर र्िष्ट्रय निर्देशकमा खेमबहादुर गुरुङ,मेम्बरसीप चेयरपर्सनमा नारायण शर्मा, मार्केटिङ चेयरपर्सनमा वैकुष्ठ रञ्जित, सर्भिस चेयर पर्सनमा सूर्य श्रेष्ठ, खेलकुद निर्देशकमा इच्छामान बुद्धाचार्य,वातावरण निर्देशकमा सत्यनारायण मण्डल, कल्चर निर्देशकमा लक्ष्मण श्रेष्ठ, हेल्थ निर्देशकमा काशीनाथ काफ्ले र टेल टुइस्टरमा दशरथमान बुद्धाचार्य रहेका छन् । मृगौलापीडित खिजमाया तामाङलाई १६ हजार रुपैयाँको चेक हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरिएको थियो। कार्यक्रममा बोल्दै गभर्नर विश्वेश्वर आचार्यले लायन्सहरुले रचनात्मक र परिणामुखी कामलाई ध्यान दिनुपर्ने बताए । गण्डकी प्रदेशसभा सांसद प्रभा कोइरालाले रचनात्मक कामले नै लायन्सको छवि राम्रो हुने बताइन्।

मोटिभेटर विकलप्रसाद सेरचनको प्रशिक्षण रहेको कार्यक्रममा डिष्ट्रिक्ट एडभाइजर राजेन्द्र बाटाजु, डिष्ट्रिक्ट चिफ एडमिनिस्टेटर चण्डीप्रसाद अर्याल, लियो क्लब अफ पोखरा लेकसिटीका अध्यक्ष राम अधिकारीले पनि मन्तव्य राखेका थिए । अध्यक्ष कैलाश पालिखेको धन्यवाद, निवर्तमान अध्यक्ष विश्वमोहन अधिकारीको कार्यक्रमबारेजानकारीप्रथमउपाध्यक्ष सोभितमान बुद्धाचार्यको ध्वजाको अभिवादन रहेको कार्यक्रमको संचालन चार्टर्ड पेसिडेन्ट कृष्णमोहन श्रेष्ठले गरेका थिए।

# श्रममन्त्री श्रेष्ठद्वारा सम्पत्ति विवरण सार्वजनिक

पोखरापत्र संवाददाता

दमौली, २५ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ 'किसान'ले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुभएको छ। मन्त्रीमा नियुक्त हुनुभएको चार दिनमै श्रेष्ठले सम्पत्ति विवरण सार्वजनिक गर्नुभएको हो।

नेपालमा सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । उहाँले सार्वजनिक गरेको जग्गा विवरणमा काठमाडौंका तीन स्थानमा आफ्नो जग्गा रहेको उल्लेख छ । काठमाडौँ महानगरपालिका-९ मा कित्ता नम्बर ११४, ०-८-०-० क्षेत्रमा र खरिद मूल्य ७४ लाख ७५ हजार २५६ रुपैयाँ ९९ पैसा रहेको उल्लेख छ। त्यस्तै काठमाडौँ-३ मा कित्ता नम्बर १०८, ४२ ९.१४ क्षेत्रमा र खरिद मूल्य ३९ लाख रुपैयाँ रहेको छ भने काठमाडौँ-१ मा कित्ता नम्बर २१५१, २१५२, २२२७ र २४९४, ०-८-३-३ क्षेत्रमा र खरिद मूल्य ६९ लाख रहेको उल्लेख छ। उहाँले आफ्नो दुई घर रहेको सार्वजनिक गर्नुभएको छ। काठमाडौँ महानगरपालिका-३ मा साढे दुई तलाको घर र काठमाडौँ-९ धापासीमा सात तलाको व्यावसायिक घर रहेको जनाउनुभएको छ। उहाँले सेयर विवरणमा आफ्नो विभिन्न कम्पनीमा सेयर लगानी रहेको उल्लेख गर्नुभएको छ।

रु दुई करोड १७ लाख २४ हजार ४०० मूल्य बराबरको सेयर लगानी रहेको विवरणमा उल्लेख छ। त्यस्तै उहाँले २० वटा व्यावसायिक कम्पनीहरूमा रु १४ करोड ५६ लाख २६ हजार मूल्य बराबरको लगानी गरेको उल्लेख छ।

हाल मौज्दातमा रहेको घर तथा जग्गा विवरणमा जम्मा रु नौ करोड ६९ लाख ७३ हजार ५० मूल्य बराबरको रहेको उल्लेख छ । गरगहनामा मन्त्री श्रेष्ठले विवाह दाइजोमा पाएको २० तोला सुन र खरिद गरेको ५० तोला सुन भएको बताउनुभएको छ।

# सामाजिक सुरक्षा भत्ता वितरण भएन

पोखरापत्र संवाददाता

बलेवा, २५ असोज

बागलुङमा सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूहले समयमा भत्ता नपाउँदा दशैंमा हात रित्तै भएका छन्। स्थानीय तहमार्फत वितरण हुने सो भत्ता जिल्लाका केही वडामा मात्रै वितरण भएको छ।

कोष तथा लेखा नियन्त्रण कार्यालयबाट अख्तियारी ढिला प्राप्त हुने, बैंक तथा बित्तीय संस्थामा निकासा भैसकेको रकमसमेत लक्षित समूहलाई बाँड्न ढिला हुने लगायतका कारणले ती समूहले भत्ता नपाएका हुन् ।"मेरो त दशैं खर्च नै त्यहि भत्ता हो तर आएन" जैमिनी नगरपालिका-१ का ९० वर्षीया बसुन्धरा शर्माले भन्नुभयो "वर्षेनी यस्तै गर्छन्, दशैंमा सधैं हात खाली हुन्छ ।" उनीको बाँच्ने आधार नै सामाजिक सुरक्षा भत्ता हो । उहाँका अरु कोही छैनन् भने ज्याला मजदुरी गरेर खाने उमेर छैन् । नगरपालिकाले अख्तियारी ढिला आएका कारण बैंकमा पठाइएको भएपनि दशैं बिदाअघि लक्षित समूहका हातमा पुर्‍याउन कठिन रहेको बताएको छ। "हामीले बैंकको खातामा पठाईसकेका छौं, बैंकले पुर्‍याउँदै होला" प्रमुख प्रशासकीय अधिकृत ज्ञानराज कोइरालाले भन्नुभयो । जिल्लाको तमानखोला गाउँपालिकाले आइतबार मात्रै बैंकमा पैसा पठाएको छ । दशैं बिदा हुन दुइ दिन मात्रै बाँकी रहँदा सामाजिक सुरक्षा भत्ता बापतको रकम बैंकमा पठाइएकाले दशैं अघि लक्षित समूहले भत्ता पाउन नसक्ने गाउँपालिकाका कर्मचारीनै बताउँछन्। लेखा अधिकृतको सरुवा लगायतका कारणले समयमा निकासा दिन नसकेको गाउँपालिकाले जनाएको छ । बागलुङ नगरपालिकाले पनि सामाजिक सुरक्षा भत्ता बाँडेको छैन् । भत्ताको आशामा लक्षित वर्ग बैंकमा धाए पनि नगरले भत्ता नपठाएको जवाफ पाउने गरेको गुनासो गर्छन्। खातामा पैसा आए दशैं बिदामै भएपनि भत्ता बाढ्ने बैंकले आश्वासन दिने गरेका छन् । दशैंका लागि खुद्रा बनाउने र दशैं खर्चको जोहो गर्ने गरेका जेष्ठ नागरिकका लागि भत्ता नै आधार हो।



# व्यास एकीकृत मादी नदी उपत्यका विकास परियोजना : २६ अर्ब लागत, २६ योजना

पोखरापत्र संवाददाता
दमौली, २५ असोज

तनहुँको व्यास नगरपालिकाको महत्वाकाङ्क्षी परियोजनाको रुपमा रहेको व्यास एकीकृत मादी नदी उपत्यका परियोजना अगाडि बढ्ने भएको छ। मादी नदीको १८ किलोमिटर क्षेत्रलाई केन्द्रमा राखेर विभिन्न योजना अगाडि बढाउने तयारी थालिएको हो।

नगरपालिकाले परियोजनाको गुरुयोजनाको अन्तिम मस्यौदा सार्वजनिक गरेको छ। आइतबार आयोजना गरिएको कार्यक्रमबाट मस्यौदा माथि सुझाव सङ्कलन गरिएको छ। गुरुयोजनाअनुसार १५ वर्षे उक्त एकीकृत योजना अन्तर्गत २६ वटा परियोजना समेट्ने तयारी गरिएको छ। जसको लागत रु २६ अर्ब रहने बताइएको छ। गुरुयोजनाको अन्तिम मस्यौदा प्रस्तुत गर्दै इन्जिनियर कुमार धमलाले व्यास सरोवर, बोटानिकल गार्डेन, औद्योगिक क्षेत्र, जनजातिको समुदाय, भानु एजुकेशन सेन्टर, व्यास स्पोर्ट सेन्टर, मादी नदी बोटिङ प्रोजेक्ट, हाउजिङ प्रोजेक्ट, ठोस फोहोरमैला व्यवस्थापन योजनालगायतका २६ वटा योजना समेटिने जानकारी दिनुभयो। प्रत्येक योजनाको छुट्टाछुट्टै बजेट र सम्पन्न हुने समय प्रस्तुत गर्दै उहाँले १५ वर्षसम्म हरेक योजनालाई महत्वको हिसाबले प्राथमिकता निर्धारण गरिने र सोहीअनुसार निर्माण कार्य पनि अगाडि बढाइने जानकारी दिनुभयो। जलस्रोतविद् अर्जुन गौतम, वातावरणविद् राजीव पोखेल, वरिष्ठ सहरी योजनाविद् उनाममान प्रधान, पूर्वाधार र एवं विपद्विद देवकुमार महर्जनले प्रस्तुत भएको मस्यौदा माथि सुझाव राख्नुभएको थियो। योजनाको दिगोपन,हाइड्रोलजिकलपक्षअन्तर्गत पानीको स्रोत र बहाव तथा सो क्षेत्रमा हुने वर्षाको प्रकृतिलाई विशेष ध्यान दिन विज्ञले सुझाव दिनुभएको थियो। त्यस्तै पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभाव, बाढी पहिरोको प्रकोप, स्थानीय जीवनस्तरमा पर्ने प्रभावको गहिरो अध्ययन र विश्लेषण गरेर मात्र अघि बढ्न विज्ञहरूले सुझाव व्यक्त गर्नुभयो।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदिशचन्द्र पोखेलले परियोजना सञ्चालनको आधार बलियो हुनुपर्नेमा जोड दिनुभयो। प्राविधिक विषयको गहिरो अध्ययन गरेर मात्र अघि बढ्न उहाँले सुझाव दिनुभयो। सांसद कलिला खानले सबै क्षेत्रसँग समन्वय र सहकार्य गरे परियोजना सफल हुने विश्वास व्यक्त गर्नुभयो। यो परियोजना तनहुँको समृद्धिको आधारशीला भएकाले यसलाई सफल बनाउने जिम्मेवारी सबैको हुने उहाँले बताउनुभयो।

सांसद प्रकाश पन्थले परियोजना बहुआयामिक र एकीकृत योजना भएकाले विशेष महत्व राख्ने बताउँदै परियोजना सम्पन्न हुने अवधि लामो भएकाले समयसँगै परिवर्तन हुने पक्षहरूको बारेमा समेत चनाखो भई लागत इष्टिमेट गर्न उहाँले सुझाव दिनुभयो। मस्यौदा माथि जनप्रतिनिधि, राजनीतिज्ञ, व्यवसायी र अन्य सरोकारवालाले मादी नदीसँगैका जमिन अधिग्रहण, मादीको बहाव नियन्त्रण, सामाजिक तथा आर्थिक पक्ष, वातावरणीय पक्ष, निजी जग्गा मुआब्जा, पर्यटन विकासका पूर्वाधार, पर्यटनका सम्भावना र चुनौतीबारे आआफनो धारणा व्यक्त गर्नुभएको थियो। साथै लगानीको मोडल, जग्गा व्यवस्थापन, सहरी विकास योजना, जलविद्युत् उत्पादन क्षमता, निजी क्षेत्रसँग समन्वय र सहकार्य, लगानी सुरक्षित हुने आधार, स्थानीय बासिन्दाले लिनसक्ने फाइदा, फोहोरमैला व्यवस्थापन, सम्भावित लगानीकर्ताको सूची निर्माण, व्यास पराशर, मानहुँकोटलाई कसरी जोडने, नेतृत्वकर्ताको स्पष्ट भिजन र प्रतिबद्धता हुनुपर्नेलगायतका सुझाव राखेका थिए।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले व्यासको बृहत्तर र एकीकृत विकास कसरी गर्ने भन्ने सम्बन्धमा विज्ञसँग पटकपटक छलफल गर्दा व्यास एकीकृत मादी नदी उपत्यका विकास परियोजनाको अवधारणा आएको जानकारी दिनुभयो।

स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्दै त्यसमा केही कृतिमता प्रदान गरी त्यसबाट पर्यटन र व्यापार व्यवसायको राम्रो लाभ लिन सक्ने भएपछि परियोजना अगाडि बढाउने तयारी गरिएको न्यौपानेले बताउनुभयो। यस परियोजनाका लागि विदेशी लगानीकर्ता पनि उत्साहित देखिएको बताउँदै उहाँले विज्ञ टोलीसँग छलफल गरेर अगाडि बढ्ने बताउनुभयो।

# पाँच महिना पछि खुले म्याग्दीका अवरुद्ध ग्रामीण सडक

पोखरापत्र संवाददाता
बाग्लिङ, २५ असोज

बाढी र पहिरोका कारण जेठको दोस्रो साताdेखि अवरुद्ध भएका म्याग्दीका ग्रामीण सडक पाँच महिना पछि बल्ल खुल्न थालेका छन्।

वर्षा सुरु भएसँगै बाढी पहिरोका कारणले यहाँका सबै स्थानीय तहका ग्रामीण सडक अवरुद्ध भएका थिए। त्यसयता पटकपटक पहिरो पन्छाउँदै केही दिन सडक खुलेका भए पनि लामो समय चल्न सकेका थिएनन्।

यहाँका स्थानीय तहले सडक खुलाउने प्रयास गरे पनि लगातार भइरहेको वर्षाले पटकपटक अवरुद्ध हुँदै आएका सडक वर्षा रोकिएपछि दसैँको मुखैमा बल्ल खुल्न थालेका हुन्। स्थानीय तहले डोजर, स्काभेटरको प्रयोग गरेर सडक खुलाएको हो। वर्षाका कारण अवरुद्ध बनेका ग्रामीण सडक दसैँ, तिहारजस्ता चाडपर्व नजिकिएसँगै पालिकाले खुलाउन थालेको बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले बताउनुभयो। नगर पालिकाका सबै वडामा पुग्ने सडक अहिले सञ्चालनमा आउन थालेको बेनी नगरपालिकाले जनाएको छ।

पश्चिम म्याग्दीको मालिका र धौलागिरि गाउँपालिकाले चाडपर्व मान्न गाउँ फर्कने नागरिकलाई सहज बनाउने उद्देश्यले अवरुद्ध सडक खुलाउन थालेको मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले बताउनुभयो।

रघुगङ्गा गाउँपालिकाले पनि पनि सबै ग्रामीण सडक सञ्चालन गर्न थालेको छ। "केही दिनयता ग्रामीण सडक खुलाउने काम तीव्र गतिमा भइरहेको छ, दसैँमा घर जान नागरिकलाई कुनै दुःख हुँदैन", रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो।

अवरुद्ध भएका ग्रामीण सडकसँगै बेनी-दरबाङ सडकखण्डमा पनि कुनै समस्या नभएको मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो। गाउँ आउने यात्रुलाई सहज हुने गरी सडक खुलाइएको उहाँको भनाइ छ। कठिन भूगोल भएका धौलागिरि, मालिका र मङ्गला गाउँपालिकाका प्रायः सबै सडक सञ्चालनमा आइसकेका स्थानीय बासिन्दाको भनाइ रहेको छ।

त्यसैगरी अन्नपूर्ण गाउँपालिकाभित्रका सडक पनि सञ्चालनमा आउन थालेका गाउँपालिकाका प्रवक्ता तथा वडा नं ६ का वडाध्यक्ष कृष्णप्रसाद बरुवालले बताउनुभयो। पालिकाभित्र पर्ने सबै सडकमा गाडी गुड्ने गरी काम भइरहेको स्थानीय जनप्रतिनिधिले बताएका छन्। उता बेनी-जोमसोम सडकखण्ड पनि केही दिनयता नियमितरुपमा सञ्चालनमा छ।

अघिल्लो साता काभ्रेभिर पहिरो गएपछि तीन दिनसम्म सडक अवरुद्ध भएको थियो। त्यहाँको सडक मर्मत गरेर यातायात सञ्चालन गरिएसँगै अहिले सो सडकखण्डमा कुनै समस्या नभएको स्थानीय पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले जानकारी दिनुभयो।

त्यसैगरी बेनी-रत्नेचौर-बागलु, बागलु-रत्नेचौर-भकुण्डे, बेनी-मालढुङ्गा, बेनी-लम्लीहिल-भकुण्डे, बेनी-बगरफाँट-बरङ्जा, बेनी-पुलाचौरलगायतका सडक पनि सञ्चालनमा आएका स्थानीय जनप्रतिनिधिले बताएका छन्।

# तातोपानीमा सुविधा सम्पन्न होटल

पोखरापत्र संवाददाता
म्याग्दी, २५ असोज

नेपाल उद्योग वाणिज्य महासङ्घको दुई पटक केन्द्रिय सदस्य र एक पटक उपाध्यक्ष निर्वाचित भएका बेनीका व्यवसायी प्रमोद श्रेष्ठलाई जिल्ला भ्रमणमा आउने आफ्ना साथीभाइलाई सुविधायुक्त होटलमा राख्न नपाएकामा सधैं गुनासो सुनुपर्दथ्यो। विशेष गरेर सिङ्गा तातोपानीमा स्नान गरेर उपचारका लागि आउनेले सुविधा सम्पन्न होटलमा बसोबासको व्यवस्था मिलाइदिन आग्रह गर्दा श्रेष्ठलाई लाज महसुस हुन्थ्यो। विसं २०७५ मङ्सिरमा बेनी नगरपालिका-४ स्थित प्राकृतिक उपचारस्थल तातोपानीमा श्रेष्ठले निर्माण सुरु गरेको होटल हटस्प्रिङ सञ्चालनको तयारी अवस्थामा आएको छ।

"म्याग्दीमा आउने भिआइपी र स्तरीय सुविधा चाहने पाहुनालाई लक्षित गरेर होटल खोलेको हो", श्रेष्ठले भन्नुभयो, "पोखरापछि धवलागिरि क्षेत्रमा पहिलो पटक तारेस्तरको होटल सञ्चालन गर्ने लक्ष्य पूरा गर्ने तयारीमा जुटेको छु।" करिब रु १५ करोड लागतमा साँढे दुई रोपनी क्षेत्रफलमा होटलको भवनलगायत पूर्वाधार निर्माण सकिएको छ। कोठा र भान्छाकोठा व्यवस्थापन तथा आवश्यक सामग्री जुटाएर आगामी मङ्सिरदेखि होटल सञ्चालन गर्ने तयारी गरेको श्रेष्ठले बताउनुभयो। होटलको करिब ८० प्रतिशत निर्माण सम्पन्न भएको छ।

पूर्वाधार र सेवासुविधाका हिसाबले होटल जिल्लाकै पहिलो भएको सञ्चालकको दाबी छ। होटल सञ्चालनमा आएपछि तोतोपानी कुण्ड आउने पर्यटकलाई होटलको अभाव नहुने विश्वास गरिएको छ।

# जनशक्ति अभावमा खेतीयोग्य जमिन बाँझै

पोखरापत्र संवाददाता
म्याग्दी, २५ असोज

लाहुरेको जिल्ला भनेर चिनिने म्याग्दीमा रोजगार खोज्दै विदेशिनेको सङ्ख्या बढ्दै गएपछि ग्रामीण भेगमा रहेको खेतीयोग्य जमिन बाँझै भएको छ। भएका युवा पनि विदेशिएपछि गाउँमा काम गर्ने जनशक्तिको अभाव हुँदा खेतीयोग्य जमिन बाँझै भएको हो। बाह्रैमहिना खेती गरेर जीविकोपार्जन गर्ने ग्रामीण क्षेत्रका स्थानीयवासीले अहिले भएका जमिन बाँझै छाडेका छन्।

युवा विदेशिएसँगै गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र हुँदा खेती लगाउने समयमा जनशक्ति अभाव हुने गरेको छ। जिल्लाको बेनी नगरपालिका तथा मालिका, मङ्गला, रघुगङ्गा, धवलागिरि र अन्नपूर्ण गाउँपालिकामा सयौं हेक्टर खेतीयोग्य जमिन बाँझै रहेको स्थानीय तहका कृषि प्राविधिकले बताएका छन्। सदरमुकाम बेनी बजारसँगै जोडिएको बेनी नगरपालिका-२ बगरफाँटमा मात्रै २६ हेक्टर भन्दा बढी जमिन बाँझै रहेको स्थानीय चित्रबहादुर रिजालले बताउनुभयो। उहाँले भन्नुभयो, "खेती गर्न जनशक्ति पाइदैन, आफूले गर्न सकिएन, युवाशक्ति विदेश जान थाले, जग्गा जमिन बाँझै छाड्न बाँध्य छौं।" यहाँका बासिन्दाले आफ्नै जग्गा भएर पनि सदरमुकामदेखि खाद्यान्न सामग्री किनेर ल्याउने गर्दछ। सुविधा खोज्दै केही सहरतिर पस्न थाले, केही विदेशिए, अब त गाउँ नै सुनसान हुन थालेको मालिका-३ का जगबहादुर बुढाले बताउनुभयो।

अहिले यहाँ भएका युवा पनि खेती गर्न छाडेर व्यापार, व्यवसाय गर्न थालेका उहाँको भनाइ छ। ग्रामीण क्षेत्रका खेतीयोग्य जमिन जनशक्ति अभावकै कारण बाँझिन पुगेको छ। गाउँमा अन्न उत्पादन हुने खेतीयोग्य जमिन बाँझिदै जान थालेपछि अन्न उत्पादन पनि घटदै गएको छ। शिक्षित वर्ग र पुँजी भएका सहर झरेका छन् भने रोजगारका लागि विदेशिएका परिवार पनि सुविधा खोज्दै सहरमा बसाइँ गर्न थालेपछि गाउँका घरमा बुढाबुढी मात्रै देखिन्छन्।

वर्षौं देखिको भोगचलन गर्दै आएको खेतीयोग्य जमिन बाँझिदै गएको छ भने घर जीर्ण भई भत्कन थालेका छन्। अर्कोतिर भूकम्पले भत्काएका घरको पुनःनिर्माण नगरी सहरबजारमा डेरामा बस्न थालेका छन्। एकातिर कामदारको अभाव छ भने अर्को तर्फ खेतीयोग्य जमिनलाई प्लटिङ गर्ने क्रम उत्तकै बढेको छ। खेतीयोग्य जमिन बाँझिन थालेपछि खाद्यान्न अभाव देखिएर मूल्यवृद्धि हुन थालेको छ। स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न कम उत्पादन हुने भएकोले बाहिरबाट निर्यात गनुपर्ने भएकाले मूल्य वृद्धि हुने गरेको व्यापारीको भनाइ छ।

"खेतबारीमा वनमारा र सिरु फुलेको छ, गाउँले बजारको आयातित चामल र खाद्यान्न किनेर खाने गरेका छन्", मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले भन्नुभयो। कृषि प्राविधिक बानियाँका अनुसार हरेक वर्ष खेतीयोग्य जमिन बाँझिने क्रम १५ प्रतिशतले बढ्दै गएको छ। तरकारी उत्पादन हुने खबरा, बगरफाँट, सिम, थामडाँडा, बाबियाचौरलगायत ठाउँमा पनि जमिन बाँझै छ। धान उत्पादन हुने सिङ्गा, बगरफाँट, डाँडाखेतलगायत ठाउँमा बस्ती बसाल्ने तथा जग्गा प्लटिङ गर्ने गरेका छन्।

यसले गर्दा सदरमुकाम तथा मुख्य बस्तीमा जग्गाको भाउ आकाशिएको छ। कृषि कार्यालय र स्थानीय तहले किसानलाई प्रोत्साहनका लागि खाद्यन्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेतीलगायतमा अनुदान दिने, बीमा गर्ने, प्रविधि प्रदान गर्ने गरेका भए पनि खेतीयोग्य जमिन अझै प्रयोगमा आउन सकेको छैन। भूकम्पपछि गाउँबाट सहर झर्ने क्रम बढेसँगै खेतीयोग्य जमिनलाई घडेरीका रुपमा बेच्न भन्दै प्लटिङ गर्न थालिएकाले जमिन बाँझो हुने क्रम उत्तिकै बढेको हो। पछिल्लो समय जिल्ला मालपोत कार्यालय म्याग्दीमा दैनिक सरदर पचास थान भन्दा बढी जग्गा किनबेच हुने गरेको कार्यालय प्रमुख कृष्णबहादुर कार्कीले बताउनुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : १९८२

स्वर्गारोहण : २०७८/०६/१४ गते

स्व. विष्णुमाया के.सी.

यस सहारा क्लब पोखराको तदर्थ समिति सदस्य एवं आजिवन सदस्य शान्ति के.सी. र कार्य समिति सदस्य ज्योति के.सी.को हजुरआमा **विष्णुमाया के.सी.** को ९६ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

हरिराम गुरुङ (सुरज)
अध्यक्ष तथा
**सहारा क्लब पोखरा परिवार**

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व विजयादशमी तथा शुभ दीपावली २०७८ को पावन अवसरमा हाम्रा शेयर सदस्यहरु, कर्मचारी तथा देश विदेशमा रहनु भएका दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, संबृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ।

नारायण प्रसाद बास्तोला
महाप्रबन्धक
**राष्ट्रिय आवास कम्पनी लि.**
काठमाडौं, नेपाल

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व विजयादशमी तथा शुभ दीपावली २०७८ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका दाजुभाइ तथा दिदीबहिनी एवं शुभेच्छुकहरुमा सुख, शान्ति, संबृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

एम. के. पेपर मिल्स प्रा. लि.
जमुवाड, नवलपरासी तथा
**पोखरा ट्रेडस** (अधिकृत बिक्रेता)
पोखरा-८ सृजनाचोक, फोन : ०६१-५२२४९२